# लोकगाथामा अभिघात

लक्ष्मी ढुङ्गेल
उपप्राध्यापक
मेची बहुमुखी क्याम्पस
laxmidhungel255@gmail.com

https://doi.org/10.3126/gyandeep.v11i01.96621

**लेखसार**

गुणात्मक अनुसन्धान विधि तथा निगमनात्मक शोधपद्धतिको प्रयोग गरी नेपाली लोकगाथामा प्रयुक्त अभिघातको मनोविश्लेषणात्मक अध्ययनमा प्रस्तुत शोधलेख केन्द्रित छ । नेपाली लोकगाथाहरूमा अभिव्यक्त अभिघातका स्वरूपहरूको मनोवैज्ञानिक अन्वेषण नै यस अध्ययनको मूल समस्या हो । यस क्रममा ऐतिहासिक, सामाजिक र विविध विषयअन्तर्गत पर्ने नेपाली लोकजीवनमा प्रसिद्ध गाथा 'जङ्गबहादुरको कर्खा', 'सरूमा रानी' र 'कठपुतलै'मा प्रयुक्त पात्रले भोगेका वियोग र तिनबाट उत्पन्न मानसिक पीडा, सतीप्रथाको दारुण अभिव्यक्ति, पहिचानको सङ्कट, आफन्तजनको हत्या र विश्वासघात तथा बालहिंसाले उत्पन्न मनोवैज्ञानिक प्रभावको अभिघात चिन्तनका आधारमा अन्वेषण गरिएको छ । यस अनुसन्धानमा गाथाको पाठविश्लेषणका मुख्य सूचकका रूपमा पूर्वअभिघात, पश्चअभिघात र रक्षात्मक प्रविधिलाई चरका रूपमा प्रयोग गरिएको छ । पाठपरक र विषयगत विश्लेषणका आधारमा गरिने यस अन्वेषणले तत्कालीन समाजमा घटित युद्ध, दमन, लैङ्गिक हिंसा र पारिवारिक घातप्रतिघातलाई मनोवैज्ञानिक रूपमा प्रस्ट्याउँछ । अध्ययनका लागि छनोट गरिएका गाथाका आधारमा लोकगाथा मानवीय मनका पीडा, भय, सन्त्रास, संशय र अचेतन मनका दमित संवेगहरूलाई अभिव्यक्त गर्ने सशक्त माध्यम हुन् साथै यिनमा प्रयुक्त अतिप्राकृतिक र वियोगान्त घटनाहरूको चामत्कारिक प्रस्तुतिले तत्कालीन समाजको सामूहिक मनोविज्ञान र अभिघातलाई कतै प्रत्यक्ष र कतै साङ्केतिक रूपमा अभिव्यक्त गरेको निष्कर्ष अध्ययनले निकालेको छ । अन्ततः पात्रहरूले यी आघातहरूको सामना गर्न पलायन, अस्वीकरण, युक्तीकरण, दमन र विस्थापनजस्ता रक्षात्मक प्रविधि अवलम्बन गरेको र यसले लोकजीवनको सामूहिक अचेतनको रक्षा गर्ने प्रयास गरेको निचोड पनि अध्ययनले प्रस्तुत गरेको छ ।

*शब्दकुञ्जी :* अचेतन, अभिघात, मनोविश्लेषण, रक्षात्मक प्रविधि, लोकगाथा ।

## विषयपरिचय

लोकवार्ताका लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक आदि विधामा सम्बन्धित जाति वा समुदायका सामाजिक सांस्कृतिक विविध पक्षहरूको अभिव्यक्ति हुने भएकाले नेपाली लोकगाथा नेपाली जाति वा समुदायका सामाजिक सांस्कृतिक चेतनाका प्रतिबिम्ब हुन् । यस लेखमा लोकगाथा र अभिघातलाई मुख्य चरका रूपमा समानान्तर ढङ्गले प्रस्तुत गरिएको छ । लिखित साहित्यको पूर्ववर्ती रूप लोकसाहित्यमा पनि अभिघातको महत्त्व उच्च रहिआएको छ । लोकगाथा लोकजीवनको सामूहिक चेतनालाई अभिव्यक्त गर्ने प्रभावकारी माध्यम हुन् । लोकगाथाहरू समाजको सामूहिक अचेतन र अनुभवका भारी बोक्ने दर्बिला भरियाका रूपमा रहेका छन् । नेपाली लोकगाथाहरूमा अभिघातजन्य घटनाहरूको उपस्थिति प्रशस्त भेटिन्छ । हाम्रा प्राचीन पौराणिक गाथाहरूमा पनि विद्रूप परिवेश, घटना र त्यसले सिर्जना गरेका शारीरिक एवम् मानसिक चोटलाई अभिव्यञ्जित गरिएकाले तिनमा पनि अभिघातजन्य घटनाहरू समाहित भएको पाइन्छ । यस्ता कथाहरूले मानवसमुदायले भोगेका ऐतिहासिक वेदना र पीडा, मानसिक उहापोह, अन्तर्वेदना, सार्वभौम दुःखकष्टहरू र सामूहिक मनोविज्ञानलाई जीवन्त राख्न उल्लेख्य भूमिका निर्वाह गरेका छन् । लोकगाथामा प्रयुक्त युद्धजन्य घटनाहरू, पारिवारिक र सामाजिक दमन तथा षड्यन्त्रले पात्रको अचेतन मनमा पारेको प्रभावको मनोवैज्ञानिक दृष्टिले अध्ययन नभएकाले नै यो शोध अगाडि सारिएको हो ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

मानव जीवनको अस्तित्वसँग अभिन्न रूपमा जोडिने अभिघात मूलतः त्यस्तो गहिरो संवेगात्मक कम्पन हो जसले मानिसको मानसिक चेतनालाई हल्लाइदिन्छ । शाब्दिक रूपमा यसले बाह्य दुर्घटना वा हिंसाका कारण शरीरमा लाग्ने चोटलाई बुझाए पनि साहित्य र मनोविज्ञानको गहिराइमा पुग्दा यो अमूर्त मानसिक पीडा हो। जीवनका असह्य घटनाहरू जस्तै— अकाल मृत्यु, युद्धको विभीषिका, प्रियजनसँगको आकस्मिक विछोड वा सामाजिक विभेदका कारण उत्पन्न हुने मानसिक विक्षिप्तता नै अभिघातको मूल चरित्र हो। यस प्रकारको आघातबाट प्रभावित व्यक्तिमा भय, चिन्ता, छटपटी र निराशा जस्ता असामान्य व्यवहारहरू दीर्घकालसम्म देखा पर्दछन्। लोकजीवनमा घटित हुने यस्तै चरम सङ्कट र मानसिक उद्वेलनहरू जब लोकगाथाको माध्यमबाट अभिव्यञ्जित हुन्छन् तब तिनले समाजको सामूहिक अचेतनको पीडादायी पाटोलाई उजागर गर्दछन् । लोकगाथामा चित्रण गरिने पात्रहरूका यी कारुणिक संवेग र दुःखद भोगाइ नै प्रस्तुत अध्ययनमा विश्लेषण गरिने अभिघातका आधारभूत क्षेत्रहरू हुन्।

यस अनुसन्धानमा नेपाली लोकजीवनमा प्रसिद्ध तीनवटा ऐतिहासिक, सामाजिक र विविध क्षेत्रका गाथाहरू क्रमशः 'जङ्गबहादुरको कर्खा' (ऐतिहासिक वीरगाथा), 'सरूमा रानी' (सामाजिक कारुणिक गाथा) र 'कठपुतलै' (अतिप्राकृतिक लोककथात्मक गाथा)को सूत्रात्मक विश्लेषण गरिएको छ । विषयपरिचयको यस संरचनाले लोकगाथाका पात्रहरूको आन्तरिक पीडा र संवेगलाई उजागर गर्छ । प्रस्तुत अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचाअन्तर्गत पाठपरक विश्लेषणविधिको प्रयोग गरिएको छ। यस अध्ययनको सैद्धान्तिक पर्याधारका रूपमा सिग्मन्ड फ्रायड (१९२०), क्याथी क्यारुथ (१९९६) र जुडिथ हर्मन (१९९७) को अभिघात सिद्धान्तलाई सूच्यात्मक रूपमा अवलम्बन गरी पूर्वअभिघात, पश्चअभिघात र रक्षात्मक प्रविधिजस्ता संवेगात्मक चरहरूका आधारमा पाठको व्याख्या गरिएको छ।

**समस्याकथन**

नेपाली लोकगाथाहरूको अध्ययन हालसम्म साहित्यशास्त्रीय, नीतिशास्त्रीय, समाजशास्त्रीय र संस्कृतिपरक दृष्टिकोणबाट मात्र गरिँदै आएको छ। यसका मनोवैज्ञानिक आयामहरू र त्यसले पात्रहरूको मानसिक स्वास्थ्य र व्यवहार वा क्रियाकलापहरूमा पारेको गहिरो प्रभावबारे व्यवस्थित रूपमा अध्ययनको अभाव छ । नेपाली लोकगाथाका पात्रपात्रादिले भोगेका अभिघात अनुभवहरू (पीडा, भय, त्रास, मनोवैज्ञानिक आघात आदि)लाई मनोवैज्ञानिक सिद्धान्तहरूसँग जोडेर अध्ययन अनुसन्धान गर्ने कार्यमा रिक्तता छ । तसर्थ नेपाली लोकगाथामा अभिघातका के कस्ता स्वरूपहरू अभिव्यक्त भएका छन् र तिनमा वर्णन गरिएका घटनाले पात्रको मनोगत अवस्था र व्यवहारमा के कस्तो मनोवैज्ञानिक आघात परेको छ भन्ने जिज्ञासा नै यस अनुसन्धान लेखको मूल समस्या हो।

**उद्देश्य**

'जङ्गबहादुरको कर्खा', 'सरूमा रानी' र 'कठपुतलै' लोकगाथामा अभिव्यक्त भएका पूर्वअभिघातजन्य सङ्केत वा सूचकहरूको पहिचान गर्नु, यी गाथाका पात्रहरूले भोगेका पश्चअभिघातजन्य संवेगात्मक र मानसिक प्रभावहरूको विश्लेषण गर्नु तथा अभिघातजन्य परिस्थितिको सामना गर्न पात्रहरूले अवलम्बन गरेका मनोवैज्ञानिक रक्षात्मक प्रविधिहरूको विश्लेषण गरी तिनको प्रभावकारिता निरूपण गर्नु यस लेखका मुख्य उद्देश्यहरू हुन्।

**पूर्वकार्यको समीक्षा**

नेपाली साहित्य र समालोचनाका क्षेत्रमा 'अभिघात सिद्धान्त'को प्रयोग नितान्त नवीन र विशिष्ट विधाको रूपमा स्थापित हुँदै गएको छ। प्रस्तुत शोधलेखलाई तथ्यपूर्ण र व्यवस्थित बनाउन लोकगाथाका क्षेत्रमा यसअघि भएका केही विशिष्ट र प्रतिनिधिमूलक पूर्वकार्यहरूको विवरण यहाँ दिइएको छः

पराजुली (२०४९) ले *नेपाली लोकगाथा* कृतिमा नेपाली लोकगाथाको सङ्कलन, वर्गीकरण गर्दै तिनको पूर्वीय साहित्यशास्त्रीय र समाजशास्त्रीय विश्लेषण गरिएको छ । पराजुलीले नेपाली लोकगाथालाई ऐतिहासिक, सामाजिक र विविध गरी तीनवटा मूल प्रवृत्तिगत वर्गमा विभाजित गरेका छन्। यो कृति प्रस्तुत अनुसन्धानको

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

प्राथमिक साक्ष्यको मूल आधार भए तापनि यसमा पात्रहरूको मानसिक संवेग र मनोवैज्ञानिक आघातको विश्लेषण गरिएको छैन । नेपाली लोकसाहित्यका क्षेत्रमा बन्धु (२०५८) ले गरेको योगदान विशेष महत्त्वको रहेको छ । उनको *नेपाली लोकसाहित्य* पुस्तक प्रकाशित छ । यसमा उनले नेपाली लोकगाथाको सैद्धान्तिक अध्ययन, वर्गीकरण र तिनको विश्लेषण गरेका छन् । उनको विश्लेषण भाषाशास्त्रीय र लोकतात्त्विक वर्गीकरणमा मात्र केन्द्रित रहेकाले पात्रहरूको आन्तरिक 'ट्रमा' यसमा अनुद्घाटित नै देखिन्छ । नेपाली लोकसाहित्यका अध्येता लामिछाने (२०७६) को योगदान पनि यस क्षेत्रमा महत्वपूर्ण मानिन्छ । उनले *लोकसाहित्य सिद्धान्त* नामक पुस्तक लेखेका छन् । यस पुस्तकमा उनले लोकगाथाको परिचय, परिभाषा, तत्त्व आदिको चर्चा गर्दै केही नेपाली लोकगाथाहरूको परिचयात्मक अध्ययन गरेका छन् । यो अध्ययन मूलतः विधागत स्वरूपमा मात्र सीमित देखिन्छ । यिनको अध्ययनमा पनि पात्रका संवेगात्मक द्वन्द्वलाई समेटिएको छैन ।

शर्मा र लुइँटेल (२०६३) को कार्यलाई पनि लोकगाथको अध्ययनका क्रममा लिन सकिन्छ । उनीहरूले *लोकवार्ताविज्ञान* र *लोकसाहित्य* पुस्तकमा केही नेपाली लोकगाथाहरूको आख्यान तत्त्वका आधारमा विश्लेषण गरेका छन् । यस कृतिमा लोकगाथाका कथ्य र संरचनालाई आख्यानको कोणबाट विश्लेषण गरिए तापनि तिनमा अभिव्यञ्जित गहन मानसिक आघात र संवेगलाई केलाउने कार्य भएको देखिँदैन । यीबाहेक अन्य थुप्रै लोकसाहित्यका अध्येता र खोजकर्ताहरूले पनि नेपाली लोकगाथाका बारेमा अध्ययन गरेको पाइन्छ तर ती सबै परम्परागत चिन्तन र ढाँचामा मात्र आबद्ध देखिन्छन् । माथि समीक्षा गरिएका पूर्वकार्यहरूका आधारमा के स्पष्ट हुन्छ भने नेपाली लोकसाहित्य र लोकगाथाका अध्येताहरूले हालसम्म सङ्कलन, विधागत वर्गीकरण, सांस्कृतिक महत्त्व र ऐतिहासिक मूल्यको निरूपण गर्ने कार्यमा मात्र आफ्नो ध्यान केन्द्रित गरेको पाइन्छ । लोकगाथाका पात्रहरूले भोगेका सती प्रथाको पीडा, युद्धजन्य त्रास, बालहिंसा र पारिवारिक विश्वासघात जस्ता गम्भीर मानसिक संवेगहरूलाई 'पूर्वअभिघात', 'पश्चअभिघात' र 'रक्षात्मक प्रविधि' जस्ता सैद्धान्तिक सूचकका आधारमा अध्ययन गर्ने कार्यमा रिक्तता छ । लोकगाथाका क्षेत्रमा मनोवैज्ञानिक र अभिघात सिद्धान्तको प्रयोग गरी गरिएको यो अध्ययनले सोही शोध रिक्ततालाई परिपूर्ति गर्छ ।

**सैद्धान्तिक पर्याधार**

पाश्चात्य जगतमा पछिल्लो समयमा विकसित साहित्यसमालोचनाका विविध वाद, प्रणाली, पद्धति र सिद्धान्तमध्ये अभिघात सिद्धान्त पनि एक हो । वर्तमान विश्वसाहित्य र समालोचनाका क्षेत्रमा यो सिद्धान्त अन्तरविषयक समालोचना पद्धतिका रूपमा परिचित छ । अङ्ग्रेजीको ‘ट्रमा थ्योरी’को नेपाली रूपान्तरका रूपमा प्रचलित अभिघातको शाब्दिक अर्थ ‘चोट पुऱ्याउनु’ हो (बराल, २०५०, पृ. ५४) । तर साहित्य र मनोविज्ञानका क्षेत्रमा यसले भय र त्रासबाट उत्पन्न मानसिक संवेगलाई बुझाउँछ । अभिघात भनेको विगतको पीडादायी मानसिक अनुभूति हो (शर्मा, २०६६, पृ. ६२) । यसले घात, प्रहार, चोट, चाबुक, ठक्कर, धक्काजस्तो अर्थ सम्प्रेषित गर्दछ । अभिघात शब्दको शाब्दिक अर्थ कुनै पनि प्रकारको हिंसा वा दुर्घटना आदिका कारणबाट शरीरमा हुने कुनै प्रकारको भौतिक क्षति हो र यसलाई शारीरिक र मानसिक आघातका रूपमा विभाजित गरेर हेर्ने चलन प्रचलित छ ।

यस सिद्धान्तका आदि प्रवर्तक सिग्मन्ड फ्रायड (सन् १९२०)का अनुसार अभिघात बाह्य उत्तेजनाको यस्तो तीव्र दबाब हो जसले मानव मस्तिष्कको सुरक्षात्मक कवचलाई तोडी अचेतन मनमा गहिरो संवेगात्मक विकार उत्पन्न गर्दछ (पृ.१२) । आफ्नो बहुचर्चित पुस्तक *'Beyond the Pleasure Principle'* (१९२०) मा फ्रायडले प्रथम विश्वयुद्धका सिपाहीहरूको मानसिक अवस्था अध्ययन गर्दै युद्धको त्रासदीबाट बाँचेकाहरूमा देखिने दुःस्वप्न र त्रासलाई पुनरावृत्तिको बाध्यात्मकता र मृत्यु–प्रवृत्तिसँग जोडेका छन् । फ्रायडका अनुसार मानिसको चेतन मनले भुल्न खोजेका भयानक स्मृतिहरू अचेतन मनमा दमित भएर रहन्छन् र पछि हिस्टेरिया वा मानसिक कम्पनको रूपमा बाहिर प्रकट हुन्छन् ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

मनोचिकित्सक फ्रायड र ब्रोअरले हिस्टेरिया, विभाजित व्यक्तित्व, त्रास जस्ता समस्यालाई शारीरिक नभई मानसिक आघातका रूपमा लिनु अघिसम्म अभिघातलाई बाहिरी चोट, असर, घाउका रूपमा मात्र लिइन्थ्यो । फ्रायडले मनोविज्ञानका क्षेत्रमा उन्नाइसौँ शताब्दीमा साहित्यको मनोवैज्ञानिक तवरले अध्ययन गर्ने क्रममा नै यसलाई साहित्यमा भित्र्याए तर पनि साहित्य समालोचनाको अलग्गै सिद्धान्तका रूपमा विकसित हुने अवसर अभिघातले बिसौँ शताब्दीमा आएर मात्र पाएको हो । यसरी अभिघातको अर्थ विस्तारित हुँदै शारीरिक चोटबाट मानसिक चोटका रूपमा रूपान्तरित हुँदै गयो (पौडेल, २०७०, पृ. १२२) । आणविक अस्त्रका बलमा गरिएको विश्वजगतलाई नै तहसनहस पार्दै आतङ्क, भय र त्रास सिर्जना गरेको प्रथम र द्वितीय विश्वयुद्धले मानव शरीर र उसको मनमा पारेको गहिरो घाउसमेतलाई समेटी अभिघातको अर्थलाई युद्धजन्य चोट र त्यसको दीर्घकालीन मानसिक असरसम्म विस्तार गरेको देखिन्छ । अभिघातको असरबाट प्रभावित मानिसमा दीर्घकालसम्म झिँझो दिग्दारी, चिडचिडाहट, छटपटी जस्ता असामान्य व्यवहार देखाउने प्रवृत्ति भेटिन्छन् (शर्मा, २०६८, पृ. ११३) । हिजोआज प्राकृतिक र मानवनिर्मित स्रोतबाट उत्पन्न शारीरिक, मानसिक र लैङ्गिक गरी तीन प्रकारका आघातलाई समेटी यसको आर्थी क्षेत्र विस्तार भएको छ । युद्धजन्य घटना, मृत्यु, विछोड, बलात्कार, विनाश, हरण आदि सङ्कटापूर्ण अवस्थाबाट मान्छे अभिघातित हुन्छ (जोशी, सन् २०२२, पृ. २११) ।

सन् १९९० को दशकमा यस अवधारणालाई साहित्यिक समालोचनाको अलग्गै सिद्धान्तका रूपमा स्थापित गर्ने श्रेय क्याथी क्यारुथ र जुडिथ हर्मनलाई जान्छ । क्याथी क्यारुथ (सन् १९९६) ले *Unclaimed Experience: Trauma, Narrative, and History* ग्रन्थमा अभिघातलाई व्याख्या गर्दै यो यस्तो संवेगात्मक घटना हो जुन यसको घटित समयमा पूर्ण रूपमा अनुभूति वा आत्मसात् हुन सक्दैन तर पछि दुःस्वप्न, सम्मोहन वा फ्ल्यासब्याकका रूपमा बारम्बार अनायास देखापर्दछ भनी उल्लेख गरेकी छिन् । उनको मान्यताअनुसार आघातित व्यक्तिले आफ्नो विगतको पीडालाई सोझै बुझ्न र व्यक्त गर्न सक्दैन, बरु उसले यसलाई आख्यान वा साङ्केतिक रूपमा मात्र बारम्बार पुनरावृत्ति गरिरहन्छ । उनका विचारमा हिंसा, इतिहास, यौनिकता, शरीर, मन, महिला, जाति र राष्ट्रलाई पृष्ठभूमिमा राखी अभिघातको विश्लेषण गर्नुपर्छ र नारी अभिघातको विश्लेषणका लागि प्रस्थान, पतन, जलन र उद्बबोधनका चार स्तर केलाउनुपर्छ (क्यारुथ, सन् १९९६, पृ. ५) ।

अभिघात जुनसुकै कारणले सिर्जना भए पनि यसबाट प्रभावित मानिस लामो समयसम्म पीडामा रहिरहने भएकाले यो मुटुको अदृश्य घाउ हो, व्रण हो (शर्मा,२०६६, पृ. ६२) । यसबाट अज्ञात भय, त्रास, हिस्टेरिया, आत्मविस्मृति, अनिद्रा, लज्जा र शारीरिक पीडाका असह्य अवस्थाहरू उत्पन्न हुन्छन् (भट्टराई, २०६४, पृ. २३१) । युद्ध र द्वन्द्व दुवैमा मान्छेको शरीरमा चोट लागेमा त्यसको दृश्य वातावरणबाट ऊ त्रसित हुन्छ र उनीहरूमा विक्षिप्तता, शङ्कालुपनजस्ता जटिल मानसिक समस्याहरू देखापर्छन् (शर्मा, २०६८, पृ. ११३) । साहित्यमा अभिघात भन्नाले शारीरिक र मानसिक आघातले पीडित पात्रपात्राको वर्णन वा तिनीहरूमा आधारित आख्यानलाई बुझिन्छ (क्षेत्री, २०७७) । यस्तो समालोचनाले रचनामा निहित पात्रपात्रामा अभिघात उत्पन्न हुनुपर्ने कारण, अभिघातित पात्र र परिवेशको अध्ययन गर्दै युद्धादिबाट उत्पन्न सन्त्रास, मनोदशा र अभिघातजन्य असामान्य व्यवहारको अध्ययन गर्दछ (पौडेल, २०७०, पृ. १२३) ।

अर्की चिन्तक जुडिथ हर्मन (सन् १९९७) ले *Trauma and Recovery* मा जटिल मानसिक आघात को विश्लेषण गर्दै यसले मानवीय सम्बन्ध, सामाजिक सुरक्षा र आत्मपहिचानको संरचनालाई नै ध्वस्त पार्ने धारणा व्यक्त गरेकी छिन् । हर्मनका अनुसार आघातबाट मुक्त हुन पात्रले सुरक्षाको प्रत्याभूति, विगतका पीडादायी स्मृतिको प्रकटीकरण र समाजसँगको पुनः सम्बन्ध स्थापनाजस्ता चरणहरू पार गर्नुपर्दछ (हर्मन, सन् १९९७, पृ. १५५–१९६) । यिनले अभिघातलाई यौनिकताको केन्द्रीयतामा राखेर हेरेको पाइन्छ । यसका साथै कार्ल जुङ्गको 'सामूहिक

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

अचेतन'को अवधारणा पनि लोकगाथाको अभिघात बुझ्न महत्त्वपूर्ण छ किनकि लोकगाथाहरू कुनै एक व्यक्तिको मात्र नभई पूरै समाजको दमित भय र आघातका संवाहक हुन् ।

अन्तर्राष्ट्रिय परिवेशमा भएका सशस्त्र द्वन्द्वका घटनाले अभिघात सिर्जना गर्नुका साथै सूचना सञ्चारबाट आउने आतङ्क, दैनिक उपभोग्य वस्तु, औषधि र यातायातका साधनबाट पनि वर्तमान समयमा भय उत्पन्न भएको छ (सुवेदी, २०७३, पृ. ६५—६६) । अभिघात समालोचनामा सामाजिक, नैतिक, राजनीतिक र सांस्कृतिक कारणहरूको खोजी गरी तिनका प्रभावबाट जन्मेका मनोवैज्ञानिक चोटहरूको विश्लेषण गर्ने काम हुन्छ (पृ. ५३) । यो सिद्धान्त विश्वयुद्धका घटनाहरू, होलोकास्ट र आत्महत्या जस्ता घटनाबाट बाँचेका मानिसहरूको बयान र तिनमा आधारित आख्यानबाट तयार भएको हो (भट्टराई, २०६४, पृ. २२८) । डायस्पोरामा रहेका पात्रहरूले नै सबैभन्दा बढी मानसिक पीडा र सांस्कृतिक द्वन्द्व भोगिरहेका हुन्छन् (पृ. ११८–११९) । मृत्यु, अकाल मृत्यु, अपहत्ते, विछोड, हरण, बलात्कार, विनाश, हानी, नृशंशता जस्ता विविध सङ्कटावस्थामा परेर भोक्ता वा द्रष्टा भई सीमाबिहीन पीडाको बोध गर्दै कुनै पनि व्यक्ति अभिघातित हुन सक्छ ( शर्मा, २०६६, पृ. ६२) ।

फ्रायडले चर्चा गरेका मानव मनको चेतन, अवचेतन र अचेतन मध्ये अचेतन मन अभिघातको घर हो र फ्रायडपछिका मनोविश्लेषकहरू जे. फ्री. हार्टमान र ज्याक डेरिडाले मानसिक घाउका रूपमा यसको अध्ययन गरेका छन् (शर्मा, २०६६, पृ. ६३) । अभिघात बाल्यावस्थादेखि वृद्धावस्थासम्म कुनै न कुनै उमेरमा देखिन सक्छ र असामान्य मानसिकतामा देखापर्छ (शर्मा, २०६६, पृ. ६२) । यसको सैद्धान्तिक अवधारणाको व्याख्या गर्ने काम सन् १९७५ बाट मात्र भएको हो (सुवेदी, २०७३, पृ. ४८) । अभिघातका पूर्वअभिघात र पश्चअभिघात गरी दुई अवस्था देखिन्छन् । घृणा, सीमान्तिकीकरण, उपेक्षा र पहिचानको समस्याबाट पूर्वअभिघातको बिउ रोपिन्छ भने चोटबाट आघातित व्यक्तिको असामान्य व्यवहार उत्तरअभिघात हो (सुवेदी, २०७३, पृ. ५२) । यस अनुसन्धानमा नेपाली लोकगाथाका पात्रहरूको विश्लेषणका लागि निम्न सैद्धान्तिक चरहरूलाई सीमाङ्कन गरी ठोस आधार बनाइएको छ :

- पूर्वअभिघात : विपत्तिको संशय, अपशकुन र चिन्ताजन्य संवेगात्मक बीजारोपणको अवस्था ।
- पश्चअभिघात : आघातित अवस्था, तीव्र मानसिक पीडा, शोक, पहिचानको सङ्कट र विस्थापन ।
- रक्षात्मक प्रविधि : आघातजन्य पीडालाई कम गर्न पात्रले अपनाउने पलायन, अस्वीकरण, युक्तीकरण, दमन र विस्थापनजस्ता रक्षात्मक प्रविधिहरू ।

## शोधविधि र शोधसीमा

गुणात्मक र निगमनात्मक शोधविधिमा आधारित यस लेखमा नेपाली लोकजीवनमा प्रसिद्ध विविध विषयका गाथाहरूको अभिघात चिन्तनका आधारमा अध्ययन गरिएको छ । सामग्री सङ्कलनको मुख्य आधार पुस्तकालयलाई बनाइएको छ । यस क्रममा प्राथमिक र द्वितीयक दुवै स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । मोतीलाल पराजुलीले *नेपाली लोकगाथा* (२०४९) पुस्तकभित्र समावेश गरेका लोकगाथाका पाठलाई सोद्देश्यमूलक नमुना छनोट विधिद्वारा छनोट गरी अध्ययनको प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ । अभिघात समालोचनाका बारेमा सम्बन्धित चिन्तकहरूका आधिकारिक पुस्तकहरू, समीक्षकका समीक्षाहरू, अनुसन्धानमूलक लेखमा व्यक्त विचारहरूलाई पनि प्राथमिक र द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । यस अध्ययनमा विश्लेषणविधिको रूपमा पाठपरक विश्लेषण र विषयगत विश्लेषण विधि अपनाइएको छ र सैद्धान्तिक पर्याधारका सूचकहरूलाई आधार बनाई गाथाका पाठको व्याख्या गरिएको छ । प्राथमिक सामग्रीका रूपमा मोतीलाल पराजुलीको *नेपाली लोकगाथा* (२०४९) कृतिभित्र समावेश गाथाहरूमध्ये सोद्देश्यमूलक नमुना छनोट विधिद्वारा ऐतिहासिक, सामाजिक र विविध वर्गीकरणभित्र पर्ने एक–एक वटा गाथा क्रमशः 'जङ्गबहादुरको कर्खा', 'सरूमा रानी' र 'कठपुतलै'लाई छनोट गरिएको छ । उल्लिखित ३ वटा मात्र गाथा छनोट गर्नुको मुख्य

आधार के हो भने पराजुली (२०४९) ले नेपाली लोकगाथालाई विषयस्तुका आधारमा ऐतिहासिक, सामाजिक, पौराणिक र विविधमा वर्गीकरण गरेका छन् । यी प्रतिनिधिमूलक गाथाहरूको छनोटले नेपाली लोकगाथाको प्रवृत्तिगत, संरचनागत र विषयगत विविधतालाई प्रतिनिधित्व गर्न सक्ने भएकाले यो सीमाङ्कन गरिएको हो ।

साहित्यसमालोचनाका अन्य पद्धतिहरूतर्फ नलागी अभिघात चिन्तनलाई मात्र आधार बनाउनु यसको सैद्धान्तिक सीमा हो । पराजुलीको उक्त कृतिभित्र समावेश लोकगाथालाई मात्र आधार बनाउनु र तीमध्ये वर्गीकरणभित्र रहेका ऐतिहासिक, सामाजिक र विविध गाथाभित्र पर्ने एक-एक गाथाहरू क्रमशः 'जङ्गबहादुरको कर्खा', 'सरूमा रानी' र 'कठपुतलै'लाई मात्र अध्ययनीय पाठका रूपमा समावेश गर्नु यसको क्षेत्रगत तथा विषयगत सीमा हो ।

## विश्लेषण र परिणाम

### 'जङ्गबहादुरको कर्खा'मा अभिघात

नेपालको इतिहासमा शक्तिशाली शासकका रूपमा ख्याति कमाएका जङ्गबहादुर राणालाई नायक बनाई उनको वीरताको गुणगान गाइएको वीर रसप्रधान गाथा हो प्रस्तुत 'जङ्गबहादुरको कर्खा' गाथा । यस गाथामा नायकले वि.सं. १९३४ मङ्सिर १३ गते काठमाण्डौँबाट सोही सालको फागुन ५ गतेसम्म नेपालको पूर्वी तराई भागमा गरेको सिकार यात्रालाई मूल विषय बनाइएको छ । प्रस्तुत गाथामा पूर्वअभिघात र पश्चअभिघातका सन्दर्भहरू पर्याप्त रूपमा प्रक्षेपित भएका छन् । नायकले आफ्नो छोराको निधनपछि परेको पीडाबाट केही राहत पाउनका लागि यो यात्रा गरेका थिए भन्ने वर्णन इतिहासकारहरूले गरेका छन् ।

#### *पूर्वअभिघातको विश्लेषण*

यात्रामा नायक बिरामी परेर परलोक हुनु अघि देखिएका अशुभ सङ्केतका घटनाहरूले मनोवैज्ञानिक त्रासको उद्घाटन गर्ने भएकाले तिनलाई पूर्वअभिघातका रूपमा बुझ्नुपर्दछ । नायक बर्सेनी तराईका विभिन्न ठाउँका जङ्गलहरूमा सिकार यात्रामा निस्कने, जङ्गली जनावरहरू पक्रेर दरबारमा ल्याउने र राख्ने गरेको वीरताको वर्णनबाट गाथाको आरम्भ भएको छ । सिकार यात्राको थालनीका लागि ज्योतिषीलाई साइत हेराउँदा ज्योतिषीबाट तत्काल यात्राको थालनी गर्न नमिल्ने कुरा उल्लेख गरेको विषयलाई गाथामा यसरी प्रस्तुत गरिएको छः–

यसपल्ट साइत यौटा झिक जैसी ज्ञानी
शास्त्र झुटो कसै हुने छैन
अैलेको साइत निको छैन माराज
बिन्ति गरे राजाका हजुरमा । (पराजुली, २०४९, पृ. १६०) ।

प्रस्तुत गाथांशमा तत्काल सिकार यात्रामा निस्कन शुभ साइत नभएको कुरा ज्योतिषीले नायकसमक्ष प्रस्तुत गरेको विचार समेटिएको छ । यो दैवी अभिघातको पूर्वसङ्केतका रूपमा देखिएको छ । यात्राको आरम्भ गर्नुअघि नै ज्योतिषीले साइत नजुरेको बताउनुले जबरजस्ती गरिएको यात्राको सुखद् समापन नहुने विषयको पूर्वसङ्केत गर्दछ जसले मनोवैज्ञानिक संशय, चिन्ता, भय र सन्त्रास उत्पन्न गरेको छ । ज्योतिषीको सल्लाहलाई बेवास्ता गरी जङ्गबहादुरले आफ्ना मातहतका सिपाहीका जवान तथा अन्य भारदारहरूको दलबलसहित बाजागाजाको ध्वन्यात्मक नाटकका साथ दरबारबाट सिकार यात्रातर्फ पाइला चालेका छन् । सिकारका क्रममा हिंस्रक जङ्गली जन्तुका रूपमा परिचित बाघ ११० वटा मारेको, दुई सय हात्ती घाइते बनाएको, यात्राका क्रममा जनकपुर, मटिहानीलगायतका विभिन्न ठाउँका मठमन्दिरमा गई दर्शन र पाठपूजा गरेको, महारानीहरू पनि नायकको वीरता र पुरुषार्थबाट हर्षित भएको विषयको वर्णन गाथामा गरिएको छ । उनको पराक्रम, पुरुषार्थ र बहादुरीबाट प्रभावित भएर दरभङ्गाका राजाले हात्तीसमेत उपहार दिएका छन् । यी सफलता र उपलब्धिका घटनाले नायकको चेतन मन

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

विजयोल्लासको सुखद क्षणमा नै रमाइरहेको अनुभूत हुन्छ तर एकाएक रातमा सुतिरहेको समयमा सपनामा नायकले आफ्नो मृत्युको सपना देखेको विषयको वर्णन गाथामा यसरी गरिएको छः–

अवरियै
सन्सरबारका राती राजा सुकलामा थिया
भगवानले सपना देखाया, मर्त्यलोकमा महाराज जल्दी ल्याउन भनी
इन्द्र राजको हुकुम, काला यमराजलाई पठाया
घोडा लिई दूतहरू आई खडा भया
माराजका जिउमा घुसी गया। (पराजुली, २०४९, पृ. १६३)।

प्रस्तुत गाथांशबाट नायकको चेतन मन यात्राको क्रममा पाएको सफलता, सफलताबाट प्राप्त मान-सम्मान, यशोगान र स्तुति, ख्यातिबाट चरम सुखानन्दमा रमाइरहेको देखिन्छ तर यस क्षणमै अकस्मात् सपनामा आफ्नो मृत्यु हुने अशुभ स्वप्न देख्नु भनेको उनको अचेतन मनले मृत्युको नजिक पुगेको महसुस गर्नु हो भन्ने देखिन्छ । इन्द्रले हुकुम गरी आफूलाई मर्त्यलोकबाट टिपेर ल्याउन यमराजलाई घोडसवारमार्फत दूतका रूपमा पठाएको सपना देख्नु भनेको नायकको अचेतन मन मृत्युसँग सङ्घर्षरत छ भन्ने विषयको सङ्केत हो । फ्रायडको स्वप्नसम्बन्धी मान्यताअनुसार सपना अचेतन मनमा रहेको भयको प्रकटीकरण हो। मृत्यु आफैँमा अप्रिय र विध्वंसकारी वस्तु हो। यो अदृश्य छ तर त्योभन्दा बढी भयकारी छ। जीवनको अँध्यारो पक्ष हो — मृत्यु। यसको भयले जोसुकैको मनमा पनि मानसिक विचलन र हलचललाई आमन्त्रण गर्दछ। यसले जोकोहीलाई मनोवैज्ञानिक रूपमा विक्षिप्त बनाउँछ, अधैर्य र छट्पटी ल्याउँछ। प्रस्तुत गाथाका नायक पनि यस्तै विचलनबाट प्रताडित भई जिउमा बिसञ्चो भएको महसुस गर्न पुग्दछन्। वीर नायकले देखेको यस्तो अनिष्ट सपनाको वर्णनबाट रानीहरू पुरै भयभीत भएका छन्। त्यसपछि ज्योतिषीलाई पुनः चिना हेराइन्छ र यसपटक पनि ज्योतिषीले नायकको मृत्युको सपनासँग साम्य रहने गरी निधनको नायकको निधनको सम्भावनाको विषयलाई यसरी प्रकट गर्दछन्ः–

एक सत्तरी वर्षमहा श्री महाराजले
चोला फेर्नुपर्छ (पराजुली, २०४९, पृ. १६३)।

माथिको गाथांशबाट ज्योतिषीले समेत नायकको सपनासँग मिल्ने यस्तो प्रलयकारी अनिष्टकै सम्भावना व्यक्त गरेपछि पूरै वातावरण सन्त्रासमय बन्न पुगी वातावरणीय त्रास सिर्जना भएको छ। गाथानायकले देखेको मृत्युको पूर्वसङ्केतसँग ज्योतिषीको भविष्यवाणी पनि मिल्न जाँदा रानीलगायत अन्यको शङ्का र चिन्ताको डोरो झन् तन्किएको छ। उनीहरू सबैमा अब नायकको मृत्युलाई केही गरे पनि रोक्न, टार्न र छेक्न सकिन्न भन्ने नैराश्यसहितको विश्वासले सम्पूर्ण वातावरण नै कहालीलाग्दो र भयभीत बनेको छ।

***पश्चअभिघातको विश्लेषण***

नायकले सपनामा देखेको आफ्नो मृत्युको पूर्वसङ्केत र ज्योतिषीको भविष्यवाणीअनुरूप उसको मृत्यु यथार्थमा नै हुन पुग्नु चाहिँ यस गाथाको मुख्य पश्चअभिघात हो। यसले अभिघात उत्पन्न घटनाको केन्द्रलाई जनाएको छ जसलाई गाथामा यसरी व्यक्त गरिन्छः–

अवरियै
आधामन पगरी र हतन ऐँठा, सर्वत्र झल्केको मोती
मुहार व्रह्माको श्री जङ्गबहादुरको, तेजै चन्द्रै र सूर्यको जति र इनी
खातीर मानी रुन लागे राउत माउत। (पराजुली, २०४९, पृ. १६४)।

जन्मिएपछि मृत्यु अवश्यमेव छ। जन्मिएपछि मर्नु प्राकृतिक नियम नै हो। संसारमा जन्मिएपछि अजरअमर रहिरहन कोही सक्दैन, पाउँदैन। अन्य प्राकृतिक परिघटना, परिदृश्यहरूलाई सहर्ष स्वीकार गरेझैँ मान्छेले मृत्युलाई

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

पनि अन्ततोगत्वा नस्वीकारी धरै छैन तर मान्छेले मृत्युलाई बडो कष्टसाध्य विषयका रूपमा लिने गर्दछ । मृत्यु मान्छेका लागि अप्रिय, कारुणिक र हृदयविदारक छ । गाथामा नायकको निधनपछि त्यस घटनाले सिर्जना गरेको शोक, शून्यता र सतीगमनजस्ता थप विनाशकारी निर्णयहरूलाई पश्चअभिघातका रूपमा हेर्न सकिन्छ । यहाँ नायकको निधनले उत्पन्न शून्यताले परिवारभित्रका रानीहरू, भारदारहरू र विदेशका शासकहरू पनि भावविह्वल बनेको चर्चा छ । गाथानायक जङ्गबहादुरको निधनबाट पत्नीहरू शोकमा पर्नु पारिवारिक अभिघात हो । प्रियजन वा इष्टजनको मृत्युले उससँगको विछोड निम्त्याउँछ र यस विछोडको पीडाबाट प्रताडित हुन पुग्दा मान्छे मनोवैज्ञानिक रूपमा अभिघातीय विचलनको चपेटामा पर्छ । नायकको वीरता र प्रतापको गुणको स्तुतिगान गर्दै समस्त सिपाही, जर्नेलकर्नेल तथा भारदारहरू शोकाकुल बनेका छन् । त्यति मात्र होइन, उनको निधनले विदेशका चार वादशाहसमेत पछुताएको प्रसङ्गलाई गाथाले यसरी अभिव्यक्त गर्दछः–

यतिका प्रतापी राजा कहाँ पाम्ला भनेर
चारै बादशाहका राजा पछुतायो । (पराजुली, २०४९, पृ. १६४) ।

गाथाको प्रस्तुत अंशले नायकको निधनको राजनीतिक प्रभाव र राष्ट्रिय स्तरको आघातलाई सङ्केत गरेको छ । जुडिथ हर्मन (१९९७, पृ. ३३) ले उल्लेख गरेझैँ यस्तो शक्तिशाली व्यक्तिको आकस्मिक मृत्युले सामाजिक सुरक्षाको स्तम्भ ढाल्ने हुँदा पूरै राज्य संयन्त्र 'ट्रमा'मा जान्छ । गाथाका नायकको प्रतापी गुणको सम्झना गरी अब यस्ता राजा नपाइने भनी तत्कालीन वादशाहहरू पछुताउनु भनेको शक्तिकेन्द्रलाई पनि नायकको अभाव महसुस हुनु हो । सती प्रथाको समयको सङ्केत गर्ने यस गाथामा नायकका पाँच जना रानीमध्ये तीन जना सती जान तयार भएको कुरा उल्लेख छ । यो घटना सबैभन्दा गम्भीर पश्चअभिघात हो जसलाई गाथामा यसरी प्रकट गरिएको छः–

सती जान मारानी भयौ तयार, चाँडो लैजाउ गङ्गाजी सागर
चितामा सोल सिरिखण्ड चढाया, नौमुरी तोरीका तेलमा डुबाया
माहारानी हर हर गया । (पराजुली, २०४९, पृ. १६४) ।

गाथाको प्रस्तुत अंशमा चितामा तेल हालेर रानीहरू जलेको वर्णन छ । सती प्रथा आफैँमा कुप्रथा हो तर त्यस समयका नारीहरूले पतिको निधनमा सती जानुपर्ने विषयलाई अनिवार्य मानिन्थ्यो । नारीको पतिव्रता, सतीसावित्री गुण र आदर्श मापन गर्ने माध्यमका रूपमा यसलाई तत्कालीन समयको समाजले बुझ्ने गर्दथ्यो । यहाँ पनि नायकका तीन जना पत्नीहरू सती जान तयार भएका छन् । गाथामा रानीहरूको सतीगमनको घटनाले एउटा मृत्युले अर्को मृत्युलाई जन्माएको देखिन्छ । यस घटनाले नायकको निधनबाट उत्पन्न त्रासदी परिवेशलाई झन् गहिरो र भयावह त्रासदीमा परिणत गरिदिएको छ । उनको निधनको खबरबाट काठमाण्डौँ उपत्यका निवासी समस्त जनताहरूमा शोक फैलिएको देखाउनु चाहिँ सामूहिक अभिघातको दृष्टान्त हो । यसरी एउटा व्यक्तिको निधनले परिवार, राष्ट्र र समाज नै मर्माहत र स्तब्ध भएको विषयको वर्णन गाथामा समेटिएको छ ।

### *रक्षात्मक प्रविधिको विश्लेषण*

अभिघातजन्य पीडाबाट बाँच्नका लागि पात्रले अपनाएका रक्षात्मक प्रविधिहरूमध्ये गाथामा अस्वीकरण र युक्तीकरणका दुई प्रविधिको उपस्थिति देखिन्छ । सिकार यात्राका लागि ज्योतिषीबाट तत्काल साइत नभएको बताउँदाबताउँदै पनि त्यसलाई बेवास्ता गरी अघि बढ्नु अस्वीकरण हो । कुनै पनि व्यक्तिले भविष्यको खतरालाई सहज स्वीकार्न नसकेमा शक्तिप्रदर्शन गर्ने आकाङ्क्षा बोकी अघि बढ्छ । यहाँ पनि नायकले त्यस्तै प्रवृत्ति अँगालेका छन् । त्यस्तै नायकको निधनलाई सामान्य मान्छेको निधनका रूपमा नलिई दैवी शक्तिको मागबमोजिम भएको देखाइएको छ । सिधै राजा मर्ने भए भन्नुभन्दा देवताबाट बोलावट भयो भन्दा मनमा शान्ति मिल्छ । इन्द्रले यमराजलाई दूतका रूपमा मर्त्यलोकमा नायक लिन पठाउने मृत्युको पूर्वसङ्केतको वर्णन गर्नु मृत्युको दुःखद घटनालाई पनि देवताको बोलावटका रूपमा भएको ठान्नु हो । त्यस्तै नायकको निधनपछि पनि उनको ख्याति चन्द्रसूर्यसरह फैलिने

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

कुरा उल्लेख छ । यसरी राजा मर्ने पीडाबाट राहत पाउन मृत्युलाई पनि दैवी शक्तिको गौरवमा बदल्न खोज्नु युक्तीकरणको प्रविधि हो ।

**'सरूमा रानी' लोकगाथामा अभिघात**

सामाजिक विषयमा आधारित करुण रसप्रधान यस गाथामा पनि पूर्वअभिघात र पश्चअभिघातका स्थितिहरू प्रत्यक्ष फेला पर्दछन् ।

***पूर्वअभिघातको विश्लेषण***

रानीले पानीछायामा आफ्नो केस फुलेको देखेपछि राजासँग जसरी पनि आफ्नो उमेरले वृद्ध बुबाआमा भेट्न जाने तीव्र इच्छा प्रकट गरेकी छिन् । केस फुलेको विषयलाई गाथामा यसरी व्यक्त गरिएको छः–

कति बुढी भए सरुमा रानी, पानी छाया मैले हेरूँ नि
पानी छाया हेर्दा हेर्दै, सिउँदो केश मेरो फुल्यो नि । (पराजुली, २०४९, पृ. २०२) ।

नेपाली समाजमा सनातनी धर्ममा आस्थावान् हिन्दू नारीहरूले आफ्नो सिउँदो र केशलाई व्यक्तिगत सौन्दर्यका रूपमा लिनुका साथै आफ्नो यौवनावस्था, तारुण्य, जवानी र पतिको दीर्घायुसँग जोडेर हेर्ने गर्दछन् । त्यसैले केस फुल्नु स्त्रीसौन्दर्यको ह्रास हो; यौवनावस्था पहिचानको सङ्कट हो । प्रस्तुत गाथांशअनुसार आफ्नो फुलेको केशले यौवनावस्था ढल्की जीवनको सन्ध्याकालमा प्रवेश गरेको अनुभूत रानीलाई गराउँछ । यो रानीले बुढ्यौलीको आगमनसँगै आफ्नो सुन्दर छवि गुमाएको महसुस हो । मान्छे सुन्दरताको पारखी छ । उसको मनोभावना सदैव सुन्दर रही आफ्नो सुन्दरताको बखान अरूले गरिदिउन् भन्ने नै हुन्छ । सौन्दर्यको ह्रासलाई, विद्रूपतालाई मन नपराउने मान्छेले सदैव सुन्दरतालाई आफ्नो वशमा राख्ने अभिलाषा राख्दछ तर मान्छेको चाहनाभन्दा पनि प्राकृतिक गुणसँग निर्भर भएकाले सुन्दरताको ह्रास नियन्त्रणमा उसको बुता पुग्दैन । जोवन वृद्धिसँगै सुन्दरता नासिँदै जानछ । झन् नारीजातिको सुन्दरतामा सदाबहार रम्ने चाहना त तिनको सार्वभौम स्वभाव नै हो । सुन्दरताप्रति लोभ, मोह र आशक्तिपन नारीभित्र अन्तर्निहित गुण नै हो । माथिको गाथांशमा रानीले आफूलाई बुढ्यौलीले छोएको अनुभव गरी बाआमा भेट्न जानका लागि राजासँग जिद्दी गरेको घटनाले उनको व्यक्तिगत अभिघातको पूर्वसङ्केत गरेको छ । केश फुल्नु सुन्दरताको ह्रास मात्र होइन; बुढ्यौलीको आगमनसँगै मृत्युको पूर्वसङ्केत पनि हो । त्यसैले यो सरूमा रानीको लागि सम्भावित अपशकुनको सङ्केत हो । माइत जान खोज्नुलाई पहिचानसँग सम्बन्धित गरेर हेर्ने हो भने उनले केश फुलेको र राजाले रोक्न खोजेको घटनाबाट पहिचानको सङ्कट भोगेकी छिन् । कपाल फुल्नु रानीका लागि प्राकृतिक शारीरिक परिवर्तन मात्र होइन; युवावस्था, सौन्दर्य र आत्मपहिचानमै आएको गम्भीर सङ्कट हो । त्यसैले यो पूर्वअभिघातको घटना हो । यसले कुनै हिंस्रक घटनालाई जनाएको त छैन तर मानवीय रुचि विपरीतको दैवी प्राकृतिक यस घटनाले नायकलाई भविष्यमा ठुलो मानसिक, शारीरिक आघातको सहनशक्तिका लागि तयार गरेको अनुभूत हुन आउँछ । कपाल फुल्नु, राजाले अनेक प्रलोभनमा पारी माइत जानबाट रोक्न खोज्नुजस्ता घटनाले रानीको मनमा चिन्ता, संशय, असुरक्षा र समग्र व्यक्तिगत अस्तित्वमाथि नै गम्भीर प्रश्न उठाउने भावना पैदा गरिदिएको छ । वास्तवमा रानीले आफ्नो बुढ्यौली लागेको यस अवस्थाबाट उम्कन माइत जाने पलायनवादी चाहना प्रकट गरिन् । रानी भावनात्मक रूपमा यही घटनाबाट कमजोर हुन सुरु गरिन् । माइत जाने तयारीका क्रममा भएका अपशकुनका घटनाहरूको वर्णन गाथामा यसरी गरिएको छः

चिउरी कुट्यौ सरुमै, सिरौला वर्ण भएको
कपडु त धोयौ, गेरुवा वर्ण भयो
रोटी त पोल्यो सरुमा, ठुन्कै ठुन्का प्रभु भयौ नि
तमाखु भुट्यो सरुमा, खोटो वर्ण प्रभु भयो नि । (पराजुली, २०४९, पृ. २०३) ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

गाथाको यस अंशमा माइत जान कोसेली तयारीका क्रममा भुटेका चिउरा सिरौलामा र धोएका कपडा गेरुवा वर्णमा परिवर्तन भएको विषय वर्णन छ । पकाएका रोटी सबै ठुन्कैठुन्का भई भाँचिएका र भुटेको तमाखु खोटो भएको घटनाको वर्णन गरिएको छ । यी सबै घटना अपशकुनका सङ्केत हुन् । यिनले नायकमा मनोवैज्ञानिक त्रास र भयको सिर्जना गरेका छन् । नेपाली समाजले यस्ता घटनालाई अशुभ र अनिष्ट घटनाकै रूपमा बुझ्ने गर्दछ । गाथामा भएका यस्ता घटनाले रानीलाई कुनै दैहिक नोक्सानी त गरेको देखिन्न तर भविष्यमा आउने विपत्तिको पूर्वसङ्केत भने ती अवश्य हुन् किनकि नेपाली समाजको मनोविज्ञान यस्तै भावनाबाट निर्मित छ । क्याथी क्यारुथ (१९९६, पृ. ६२) का अनुसार आघातित स्मृतिको पुनरावृत्ति हुनुअघि अचेतन मनमा विभिन्न प्राकृतिक तथा साङ्केतिक माध्यमबाट मनोवैज्ञानिक सङ्केतहरू देखा पर्दछन् ।

***पश्चअभिघातको विश्लेषण***

राजा हात्तीमा र रानी डोलीमा चढेर माइत जान्छन् । कुनै प्रकारका प्रलोभन र आश्वासनले रानीलाई माइतको यात्राबाट रोक्न असफल भएपछि राजा पनि सँगै जान बाध्य भएका छन् । ससुरालीमा रानीकी आमाले ज्वाईँलाई आदर सत्कार गर्नुको सट्टा हेला र अपमान गरी पिँढीमा बसाएकी छिन् । त्यति मात्र होइन, खानामा विष हाली ज्वाईँको हत्या गरिदिएकी छिन् । यी घटनाहरू प्रत्यक्ष पश्चअभिघातका रूपमा रहेका छन् । यसले रानीमा ठुलो मानसिक आघात पैदा गरिदिएको छ । एउटी नारीका लागि आफ्नो पतिको हत्या हुनुभन्दा विनाशकारी र स्तब्ध बनाउने घटना के नै हुन्छ र ! नेपाली समाजका सामान्य नारीहरूजस्तै गाथानायक रानीले पनि आमाले गरेको पति अपमान र हत्याले आफ्नो आधारभूत सुरक्षा खोसिएको, विश्वास र प्रेममाथि गहिरो चोट पुगेको महसुस पक्कै गरेकी हुनुपर्दछ । यस घटनाले सरूमा रानीलाई शोक, वियोग र एक्लोपनामा मात्र धकेलेन; उसको जीवन नै खण्डहर र उजाड मरुभूमिमय बनाई भविष्य नै अन्धकारतिर हुत्याइदियो । वास्तवमा यस्तै खाले असह्य पीडादायी दारुण घटनाले व्यक्तिलाई स्थायी मानसिक विचलनको अवस्थामा पुऱ्याउने भएकाले अभिघातको वास्तविक पहिचान र स्वरूप पनि यही हो । पति हत्याको घटनाबाट आहत भएकी रानीले आफैँलाई जन्मदिने आमालाई श्राप दिँदै यसो भनेकी छन्ः–

खाम्ला पिम्ला भनेर आमै, तिम्रो माइती देशमा आएते म
खाम्ला र पिम्ला भनेर आमै हो, तिम्रै मन उठ्यो
मेरी आमै पाप हो राम, मनका पियारा राजालाई
विष हालेर मारेउ नि, तिम्लाई लागोस् जन्म जन्मको पाप । (पराजुली, २०४९, पृ. २०४) ।

प्रस्तुत गाथांशमा आफ्नो प्राणप्रिय पतिको हत्या गरी जीवन शुष्क र मरुभूमितुल्य बनाइदिने आमालाई जन्मजन्मको पाप लागोस् भनी श्राप दिएको घटना रानीको विचलनयुक्त मानसिकताको उपज हो । सासू (रानीकी आमा) ले ज्वाईँ (राजा) लाई आतिथ्य सेवा-सत्कार नगरी हेला र अपमान गरेको घटनाले सामाजिक अभिघातलाई जन्म दिन्छ । राजाको निधनपछि दाहसंस्कारका लागि बनेको श्रीखण्डको चितामा आगो नलागेको सन्दर्भले महाविपत्तिको सङ्केत गरी पश्चअभिघातलाई जन्माइदिएको छ । हिन्दू संस्कारमा दागबत्ती दिने काम भएसम्म सहोदर छोराले र सहोदर छोरो नभए धर्मपुत्रले र त्यो पनि नभए मात्र अन्य विकल्प खोज्ने प्रचलन छ । आर्यसनातनी वैदिक हिन्दू परम्परामा धर्मपुत्रलाई पनि सहोदर छोरोकै स्थानमा वैधता दिइन्छ । यस गाथामा रानीले आगो चितामा नसल्किएपछि सन्तानविहीन भए पनि धर्मपुत्रसमेतबाट आगो नझोसिएकाले चिता नसल्किएको निष्कर्ष निकालेकी छिन् र अयोध्या नगरीबाट कुनै ब्राह्मणपुत्र ल्याएर धर्मपुत्र बनाई आगो झोस्ने काम सम्पन्न भएको छ । धर्मपुत्रको आगमनपूर्वको सांस्कृतिक अनुष्ठानिक विफलताले पति हत्याबाट घाइते बनेकी रानीको मनको पीडादायी आलो घाउमा नुनचुक छर्किदिने काम गरेको छ । यस्तो परिस्थितिबाट मृत आत्माले शान्ति नपाउने र वंशको निरन्तरता पनि नहुने भयले समाजका जीवित अन्य मान्छेहरूलाई पनि पीडा दिन्छ ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

यस गाथामा बाह्य अभिघातका घटनाहरू पनि प्रशस्त भेटिन्छन् । रानीको माइती यात्रामा कालीनेकलले ढाकेर माइती देशको बाटो नै छेकिनु भनेको बाह्य अवरोध हो तर यसले रानीको मनमा रहेको मानसिक अवरोध, असुरक्षा र द्वन्द्वलाई पनि प्रतिविम्बित गर्दछ । यस तनावले उसको मनमा थप तनाव र मानसिक दबाब वृद्धिमा बढावा दिएको छ । नेपाली समाजमा घरमा आएका पाहुनालाई देवतासरह मानी (अतिथि देवो भवः) सेवासत्कार गर्ने पुरानो परिपाटी छ । त्यसमा पनि झन् ज्वाईँलाई त सम्मानित साइनोका रूपमा लिई विशेष आदरसत्कार गरिन्छ तर गाथामा ससुराली आएको ज्वाइँलाई मानसम्मान गर्नु त कता हो कता, उल्टै अपमान र तिरस्कार गरी पिँढीमा बसाउने काम भएको छ साथै अन्त्यमा कुत्सित मनोभावनाबाट प्रेरित भई ज्वाईँको हत्या सासूद्वारा गरिएको छ जसले अनादर, विश्वासघात र अनैतिकताको पराकाष्ठालाई जन्म दिई सामाजिक भय र त्रासको वातावरण सिर्जना गर्दछ ।

त्यस्तै अन्तिम संस्कारको विफलता र वंशको निरन्तरताको सङ्कटले धार्मिक र परम्परागत अभिघात सिर्जना गर्दछ । हिन्दू धार्मिक विश्वासअनुसार कसैको निधनपछि गरिने सांस्कारिक सफलताको महत्त्व उच्च छ । मृत आत्माको शान्ति र मोक्षप्राप्तिको सुनिश्चितताका लागि दाहसंस्कार, काजकिरिया विधिवत् र कठोर नियमको परिधिभित्र रहेर सम्पन्न गर्ने सनातनी मान्यता आज पनि यथावत छ । चितामा आगो नबल्नु र कुनै वैध उत्तराधिकारी नहुनुले व्यक्तिगत समस्यालाई मात्र नजनाई समस्त मानवसमाजमा धर्मको अपवित्रताको सङ्केत गरी धार्मिक सांस्कृतिक अभिघातलाई जन्माएको देखिन्छ । दाहसंस्कारका क्रममा भएको अनुष्ठानिक विफलताको घटनाले समाजको सामूहिक मनोविज्ञानमा नै गहिरो सङ्कट, निराशा र भय उत्पन्न गर्दछ । समाजले यस्तो अवस्था सिर्जना भएमा मृत आत्माले शान्ति नपाउने र वंशपरम्परा पनि टुट्ने मनोविज्ञानको वातावरण बनी समस्त मानवसमुदायलाई नै भयभीत बनाउने परिस्थिति निर्माण भएको छ ।

***रक्षात्मक प्रविधिको विश्लेषण***

प्रस्तुत गाथामा अभिघातको मनोवैज्ञानिक पीडाबाट बच्न पात्रले अवलम्बन गरेको रक्षात्मक प्रविधिका कोणबाट हेर्दा पलायन, अस्वीकरण र विस्थापन तीनवटा प्रविधि अपनाएको देखिन्छ । पानीछायामा केश फुलेको देखेपछि उत्पन्न बुढ्यौलीको त्रासबाट बच्न रानीले पतिसँग माइत जाने विषयमा ढिट लिनु भनेको कुनै पनि पिर, चिन्ता नभएको आफ्नो बाल्यकालीन अवस्था जुन बुबाआमाको काखमा सुखमय र आनन्दित थियो त्यहीँ आफूलाई फर्काउन खोज्ने पलायनवादी वा प्रतिगमन उपाय हो । पहिचानको सङ्कटबाट उत्पन्न पीडाबाट छुटकाराका लागि पछाडि फर्कने प्रतिगामी कदम हो । त्यस्तै माइत जाने क्रममा भौतिक सामग्री नष्ट भई अपशकुन देखापर्दा तिनलाई बेवास्ता गरी माइततर्फ यात्रा अघि बढाउनु अस्वीकरण हो । यदि उनले यसबाट तर्सेर यात्राका लागि पछि सरेकी भए यात्रा अवरुद्ध हुन्थ्यो जो रानी चाहन्न थिइन् । त्यस्तै माइतीघरमा विष सेवन गराई पतिको हत्या आमाले गरिदिएपछि आमासँग आक्रोशित भई जन्मजन्मको पाप लागोस् भनी श्राप दिनु आफ्नो आत्मग्लानिलाई क्रोधमा विस्थापन गर्नु हो । राजालाई जबरजस्ती माइत नलगेकी भए यस्तो दुर्घटना हुने थिएन भन्ने कुराको आत्मग्लानी उनलाई पक्कै भएकै हुनुपर्दछ । त्यसैले हत्या भएपछि बित्थामा माइत आइएछ भन्ने पश्चात्तापको सोचबाट पर रही आफू पनि हत्याको कारक रहेको मनोवैज्ञानिक पीडाबाट बच्न उनले ग्लानिलाई क्रोधमा बदलेको देखिन्छ ।

**'कठपुतलै' गाथामा अभिघात**

प्रस्तुत गाथामा मानवको उपस्थिति भएर पनि अमानवीय घटनाहरूको प्रस्तुति गरिएकाले यसलाई विविध गाथाअन्तर्गत राखिएको स्पष्टोक्ति पराजुलीले दिएका छन् (पराजुली, २०४९, पृ. १३१) । पराजुलीले जादु, टुनामुना, भूतप्रेत, अतिमानवीय, अतिकल्पनासँग सम्बन्धित गाथाहरूलाई यस वर्गमा समेटेका छन् । मान्छेले कहिलेकाहीँ आफ्ना मनका भावनाहरूलाई काल्पनिक उडानमा दौडाउँछ र कल्पनाको महलमा भूस्वर्ग रचना गर्दछ । यस गाथामा लोकजीवनका आस्था तथा विश्वासप्राप्त शक्ति र कल्पनातीत प्राणीसँगको सहज प्रेमको चित्रण भेटिन्छ (पृ. २६५) ।

***पूर्वअभिघातको विश्लेषण***

प्रस्तुत गाथा समाजका सौतेनी आमाहरूले सन्तानप्रति देखाएको क्रूरतापूर्ण अमानवीय व्यवहारसँग सम्बन्धित छ । एउटी बालिकाका चारवटी सौतेनी आमाहरूले छोरीको कपाल कोरिदिने बहाना गरी ''तेरो पण्डितसँग बिहे होस्'', ''बाह्रवर्ष कुहिएको मुर्दासँग बिहे होस्'' ''गोठालासँग बिहे होस्'' भनी आशीर्वादरूपी श्राप दिएको विषयलाई गाथामा यसरी प्रस्तुत गरिएको छः–

जेठीमा हाम्री आमाले कठपुतलै, कपालै कोर्दिइन कठपुतलै
ढोग मैले दिएँ र कठपुतलै, पढेका पण्डितलाई कठपुतलै
परेस बाबै भनिन् र कठपुतलै, माइली र हाम्री आमाले कठपुतलै
कपालै कोर्दिइन् कठपुतलै, ढोगै मैले दिएँ र कठपुतलै
कान्छी र हाम्री आमाले कठपुतलै, कपालै कोर्दिइन् कठपुतलै
ढोगै दिएर कठपुतलै, भाग्यमानी भए है कठपुतलै । (पराजुली, २०४९, पृ. २२६) ।

अभिभावक भनेका अबोध बालबालिकाका लागि संरक्षक हुन्; ओत हुन्; छहारी हुन्; सुरक्षा प्रत्याभूतिका भरपर्दा र दर्बिला आधार हुन् । आफ्ना सन्तानको रेखदेख, भरणपोषण गर्दै तिनलाई परेका समस्या र सङ्घर्षबाट छुटकारा वा मुक्ति दिलाउनु उनीहरूको पहिलो कर्तव्य, धर्म, दायित्व र जिम्मेवारी हो तर यहाँ त आमाहरूले नै एउटी अबोध बालिकामाथि ''तँ मान्छे नै होइनस्'', ''तेरो भविष्य नै अन्धकारमय छ'' भने जस्तो गरी छोरीको भर्खर विकसित हुँदै गरेको कलिलो मस्तिष्कमा मनोवैज्ञानिक हिंसा गरेका छन् । आफ्ना अभिभावकको अभिभावकीय न्यानो मायालगायत भविष्यसम्मको सुरक्षा सुनिश्चितताको बदलामा यस खाले काँडारूपी वचनबाणले ती कलिली बालिकाको दिमागमा कस्तो र कतिसम्म गहिरो मनोवैज्ञानिक आघात पर्यो होला भन्ने विषयको नापजोख गर्न कठिन छ । सौतेनी आमाहरूले दिएको श्रापले त्रास र भयको बिउ रोपिई पहिचानको सङ्कट देखापरेकाले यो पूर्वअभिघात हो । जुडिथ हर्मन (१९९७, पृ. १०१) को विकासात्मक आघातसम्बन्धी धारणाअनुसार बाल्यकालमा अभिभावकबाट हुने यस्तो मानसिक हिंसाले व्यक्तिको संवेगात्मक विकास कुण्ठित पारिदिन्छ । आमाहरूबाट यस्तो श्राप पाउँदा अबोध बालिकाले कुनै शाब्दिक प्रतिक्रिया दिएकी छैनन् ।

***पश्चअभिघातको विश्लेषण***

छोरीले एक दिन आमाहरूसँगै वनमा पात टिप्न जाने ढिट लिइन् । आमाहरूले कति सम्झाए पनि नमानेपछि सँगै वनमा गएकी उनलाई हिँड्दाहिँड्दै थकाइ र प्यास लाग्यो । पानी प्यासले अति सताएपछि आमा पानीको खोजीमा निस्किन् तर कतै पानी नपाइरहेको अवस्थामा एउटा जादुको महलजस्तो सुन्दर मुर्दाघरमा आमाछोरी पुगे । पानीका लागि बोलाउँदा भित्रबाट कसैको आवाज आएन । एक छिनपछि घरको ढोका आफैँ खुल्यो र बालिका भित्र पसिन् । पानी पिई प्यास मेटिन् । भित्रबाट ढोका आफैँ बन्द भएकाले आमा बाहिर र छोरी भित्र भए । केहीबेर रोइकराइ गरेपछि पनि ढोका नखुलेकाले केही उपाय नदेखी छोरीलाई मुर्दाघरमा एक्लै छोडेर घर फर्केको घटनालाई गाथामा यसरी उल्लेख गरिन्छः

पानी त खाए आमा कठपुतलै, आउने बाटो पाइएन कठपुतलै
कताबाट आम् आमै कठपुतलै, बाहारै र ढोका छन् कठपुतलै
बन्दै भए सबै नै कठपुतलै, बारिट आमा त कठपुतलै
नआउ बाबु भन्दते कठपुतलै, कस्तो आपत् पर्यो नि कठपुतलै
भित्र छोरी रोइरनी कठपुतलै, बाहिर आमा रोइरनी कठपुतलै । (पराजुली, २०४९, पृ. २६७) ।

एउटा सन्ततिका लागि आमाको काखभन्दा प्रिय वस्तु अरू केही हुँदैन भने बालबालिकाका लागि आमाको काख झन् कति प्रिय र आनन्ददायक हुन्छ भन्ने विषय अवर्णनीय रहन्छ । सौतेनी आमाहरू भए पनि ती अभिभावक नै हुन्, जननीकै तहमा रहन्छन् । मातृकाखभन्दा सुरक्षित स्थल सन्तानका लागि अन्यत्र कतै छैन । आफ्ना सन्तान

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

असुरक्षित महसुस भएमा क्रोधित माउ सिंहिनीको जस्तो हिंस्रक रूप धारण गरी सन्तान बचाउनु परे पनि जननी पछि हट्दिनन् । प्राणोत्सर्ग गर्नु परे पनि तयार रहन्छिन् तर गाथामा भने आमाले बालिकालाई त्यो भूतको घरमा एक्लै छाडेर घर फर्किएकी छिन् । जननी रक्षक हुनुपर्ने भक्षक बनेर उभिएकी छिन् । एउटी नारी हृदयले सन्तानविरुद्ध गर्ने योभन्दा निन्दनीय, कठोर र निर्दयी निर्णय अरू के नै हुन सक्ला र ? के उनीभित्रको मातृत्वबोधले उनलाई कुनै पीडा दिएन ? प्रश्न गर्ने ठाउँ छ । आमा मुर्दा घरबाहिर र छोरी भित्रै थुनिएर केही बेर रुनु र अन्त्यमा छोरीलाई एक्लै छाडेर घर फर्किँदा ती एक्ली बालिकाले व्यहोर्नु परेको असुरक्षा, डर र एक्लोपनाको महसुसले उसको जीवनमा कहिल्यै नपुगिने मानसिक घाउ अवश्य उत्पन्न गरेको छ । यो आफन्तजनसँगको वियोग, विछोडबाट उत्पन्न मानसिक सङ्घातका रूपमा गाथामा देखिएको छ ।

आमाले छोडेर गएपछि कोही आफन्तजन नभएको त्यस भूतबङ्गलामा ती बालिकाले बाह्र वर्षसम्म मसानहरू र मुर्दाको स्याहारसुसार गरेर बिताउनुपरेको अवस्थाको चित्रण गाथामा यसरी गरिएको छः–

मूर्दारको सेवा गर्ने हो कठपुतलै
सम्भार गरी बसेँ है कठपुतलै (पराजुली, २०४९, पृ. २६७) ।

बालपनको उमेर स्वतन्त्र तवरले सहोदर वयस्क बालदौँतरीहरूसँग हाँस्दै, सहेली खेल्दै, रमाउँदै बिताउन पाउनुपर्ने उमेर हो । स्वच्छन्द र पङ्खफुक्का रूपमा रमाउन लालायित बालापनमा कुनै बन्धनविना जीवनयापन गर्न पाउनु तिनको नैसर्गिक अधिकार हो तर यहाँ बाह्र वर्षसम्म एउटी अबोध चञ्चले उमेरकी बालिका मुर्दाको घरमा लासहरूको छेउमा, डरलाग्दा मसानहरूको निगरानीमा तिनको सेवाशुश्रूषा गरेर बस्नुपर्दा ती कलकलाउँदी बालिकाको कुँडिएको मनमा उत्पन्न कहालीलाग्दो मनोभावनाको लेखाजोखा गर्न सकिन्न । कसैको पराधीनता जबरजस्ती नलादी उन्मुक्त लयमा बाँच्न चाहने तिनले १२ वर्षसम्म अहोरात्र त्रास, भय, संशय र चिन्तामा पिरोलिएर व्यतीत गर्ने अवस्था सिर्जना हुनु अभिघात नै हो । आमाले मुर्दाघरमा एक्लै बालिकालाई छाडेर हिँडेपछि मसानहरूको बिचमा बस्नु, तिनकै सेवा गर्नु र अन्त्यमा आफूले सेवा गरेको मुर्दा पनि ब्युँझिएपछि अर्कैले खोसेर लिनुजस्ता घटनाले पश्चअभिघातसँग सम्बन्ध राख्छन् । यिनले बालिकामा निरीहता र रोदन सिर्जना गरेका छन् ।

अभिघात चिन्तनका कोणबाट हेर्दा यस गाथाको 'शीर्षक कठपुतलै'ले नै अभिघातको सङ्केत गरेको छ । कठपुतलीको शाब्दिक अर्थ "अरूको इशारामा चल्ने" भन्ने हुन्छ । गाथाकी बालिकाको जीवन यथार्थमा पनि साच्चिकै कठपुतली जस्तै देखिएको छ । उनलाई कहिले आफ्ना अभिभावकहरूले नचाएका छन्; कहिले मसान र मुर्दाहरूले '"यसो गर उसो गर" भनी निर्देशन दिएर कठपुतली जस्तै हल्लाएका छन् । गाथाको अन्त्यतिर ती बालिकाकी एउटी सुसारे पनि भएकी र बाह्र वर्ष पुगेकै दिन पँधेरामा पानी लिन जाँदा आफूले राखेका सामान नचलाउनु भनी बालिकाले आफ्नी सुसारेलाई आदेश दिएकी तर सुसारेले त्यहाँ राखेको मसानै सियो निकाली बाह्र वर्षदेखि कुहिएको मुर्दालाई घोच्दा मुर्दा ब्युँझिएको चर्चा छ । मुर्दाले त्यही सुसारेसँग प्रेम गरेर बसेको देखेपछि पँधेराबाट आएकी बालिका खुब रोएको घटनाको वर्णन छ । यस घटनाबाट केटीले आफ्नो अपमान भएको महसुस गरेर नै रोएको हुनुपर्दछ भन्ने अड्कल काट्न सकिन्छ । त्यसैले आफ्नो व्यक्तिगत जीवनको निर्णय आफैँ गर्न नपाउनु साथै अरूले जता धकेल्यो ततै धकेलिनुपर्दाको निरीहता र अपमान पनि गहिरो मानसिक चोट नै हो । यसरी प्रस्तुत गाथा एउटी अबोध बालिकाले भोगेको हिंसा, अपहेलना, एक्लोपना र डरको कथाका रूपमा रहेको देखिन्छ ।

***रक्षात्मक प्रविधिको विश्लेषण***

अभिघातजन्य अनुभवका पीडाहरूबाट बच्न यस गाथाका पात्रहरूले दमन, आत्मसातीकरण, निष्क्रियता वा निरीहताको रक्षात्मक प्रविधिलाई अपनाएका छन् । कपाल कोर्ने बहानामा सौतेनी आमाहरूले दिएको श्राप र काँडारूपी वचनले अन्धकारमय भविष्यको डर र अपमानप्रति कुनै विद्रोह वा प्रतिवाद नगरी मौन रहनु बालिकाले भोगेको पीडाको दमन हो । त्यस्तै एक छिन पनि बस्न नसकिने मसानघाटमा १२ वर्षसम्म मसानहरूको सेवाशुश्रूषा

गर्दै त्यस्तो भयावह स्थललाई पनि सामान्य रूपमा लिएर जीवनलाई अघि बढाउनु आत्मसातीकरण हो। जब मान्छेले परिस्थितिलाई आफ्नो वशमा राख्न नसकी निरुपाय र निरीह बन्छ तब उसले जस्तोसुकै भयावह स्थितिलाई पनि सामान्यीकरण गरी आत्मसात् गर्दछ। गाथामा बालिकाले मुर्दाघाटको डरलाई सेवामा रूपान्तरण गरेर आइलागेको स्थितिलाई आत्मसात् गरिन्। त्यस्तै अरूको इशारा वा आदेशमा कठपुतली चलेझैँ बालिका पनि आफ्नो नियति अर्काको हातमा सुम्पेर बसिन् र अन्त्यमा बाह्र वर्षसम्म सेवा गरेको मुर्दा ब्युँझिएर अर्कै सुसारेसँग प्रेममा रहँदा रोइन् मात्र, आफ्नो हक जमाउन असफल भई रोएर निरीहता वा निष्क्रियता प्रकट गरिन्। यसबाट उनले आफू कठपुतली बन्न व्यक्तिगत सबै इच्छा त्यागेको देखिन्छ।

## गुणात्मक तथा विश्लेषणात्मक विमर्श

यस अनुसन्धानमा अध्ययनका लागि छानिएका तीनवटा लोकगाथाहरू ‘जङ्गबहादुरको कर्खा’, ‘सरूमा रानी’, र ‘कठपुतलै’ को प्रवृत्तिगत र संवेगात्मक स्वरूपलाई सूक्ष्म रूपमा केलाउँदा नेपाली लोकजीवनको सामूहिक अचेतनमा दमित विभिन्न अभिघातहरू सतहमा देखापर्दछन्। यी गाथाहरू केवल दन्त्यकथा वा वीरगाथा मात्र नभई तत्कालीन समाजको कठोर वास्तविकतालाई प्रस्तुत गर्ने गहिरा मनोवैज्ञानिक अभिलेख पनि हुन्।

‘जङ्गबहादुरको कर्खा’ले उजागर गर्ने मुख्य पक्ष भनेको युद्धजन्य त्रास, मृत्यु–भय र सती प्रथाको सामूहिक आघात हो। जङ्गबहादुर जस्तो प्रतापी र शक्तिशाली शासक जसले पूरै राज्यलाई आफ्नो मुठ्ठीमा राखेका थिए, उनी पनि मृत्युको पूर्वसङ्केतबाट त्रसित हुनु र सपनामा यमराजको दूत देख्नुले के देखाउँछ भने मानिस जतिसुकै शक्तिशाली भए पनि मृत्युको शाश्वतता अगाडि निरीह हुन्छ। अझ अगि बढेर हेर्दा उनको मृत्युपछि रानीहरूले "हर हर" गर्दै चितामा हाम फालेको सती प्रथाको कारुणिक साक्ष्यले तत्कालीन पितृसत्तात्मक समाजको चरम लैङ्गिक हिंसा र अत्याचारलाई प्रस्तुत गर्छ। यो सती प्रथा कुनै उत्सव थिएन। यो त तत्कालीन राज्य र समाजले नारी अस्मितामाथि गरेको सामूहिक बलात्कार र हत्याको पश्चअभिघात थियो। यो 'ट्रमा' तत्कालीन समाजको अचेतनमा अत्यन्तै गहिरो गरी बसेको कुरालाई लोकगायकहरूले गीतको माध्यमबाट चीरकालसम्म जीवित राख्ने प्रयास गरे।

त्यस्तै ‘सरूमा रानी’ गाथाले पारिवारिक विश्वासघात र पहिचानको सङ्कटलाई सङ्केत गर्छ। नारीका लागि कपाल फुल्नु केवल उमेर ढल्किनु नभएर पुरुषप्रधान समाजमा उसको सुन्दरताको अस्तित्व समाप्त हुनु र आत्मपहिचान गुम्नु पनि हो। सरूमा रानीको माइत जाने जिद्दी र त्यस क्रममा देखापरेका अपशकुनहरूले उनको अचेतन मनमा रहेको अज्ञात त्रासलाई देखाउँछन्। आफ्नै आमाले ज्वाइँलाई विष खुवाएर मारेको प्रसङ्गले रगतको सम्बन्धभित्र हुने क्रूरता र विश्वासघातको अभिघात बुझाउँछ। आफ्नो सुरक्षाको प्रमुख आधार खोसिएपछि रानीले आमालाई सराप्नु र पतिको दाहसंस्कारमा चिता नसल्कँदा धर्मपुत्र खोज्नुले सांस्कृतिक–धार्मिक आघातलाई प्रस्ट्याउँछ। तत्कालीन हिन्दू समाजमा वंश निरन्तरता र मोक्षको अवधारणा कति कडा थियो र त्यसले निःसन्तान नारीलाई कतिसम्म संवेगात्मक पीडा दिन्थ्यो भन्ने कुरा चिता नसल्कनुको घटनाले पुष्टि गर्छ।

यसैगरी ‘कठपुतलै’ गाथा बालहिंसा र घरेलु दमनको उत्कर्ष हो। सौतेनी आमाहरूले अबोध बालिकालाई कपाल कोर्ने बहानामा दिएको अमानवीय श्रापले बाल्यकालीन आघात सिर्जना गर्छ। आफ्नै संरक्षकबाट तिरस्कृत भएकी बालिका वनको मुर्दाघरमा बाह्र वर्षसम्म थुनिनु र लासहरूको सेवामा जीवन बिताउनुले तत्कालीन समाजमा अनाथ वा सौतेनी सन्तानले भोग्नुपर्ने निरुपाय नारकीय जीवनको प्रतिविम्ब प्रस्तुत गर्छ। बाह्र वर्षको विकराल एक्लोपन र मसानको सेवाले बालिकाको संवेगात्मक विकासलाई पूर्ण रूपमा कुण्ठित बनाउँछ। अन्त्यमा उसले आफ्नो अधिकार खोसिँदा पनि विद्रोह गर्न नसकी केवल रोएर निरीहता देखाउनुले उनी साच्चिकै अरूको इसारामा चल्ने 'कठपुतली' बनेको सिद्ध गर्छ।उपर्युल्लिखित तीनवटै गाथामा पात्रहरूले आघातको सामना गर्न पलायन, अस्वीकरण र दमन जस्ता रक्षात्मक प्रविधिहरूको सहारा लिएका छन्। यो विश्लेषणले फ्रायडको हिस्टेरिया र दमनको सिद्धान्तलाई लोकसाहित्यका क्षेत्रमा पुष्टि गर्छ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

## निष्कर्ष

नेपाली लोकगाथाको अध्ययन उत्तरआधुनिक समालोचनात्मक पद्धति अभिघात चिन्तनका कोणबाट पनि गर्न सकिन्छ । नेपाली लोकगाथा नेपाली लोकजीवनका सामूहिक अभिघात र दमित मनोविज्ञानका वास्तविक ऐना हुन् । यस शोधलेखको अन्वेषणबाट प्राप्त निष्कर्षहरू सूत्रात्मक रूपमा निम्नानुसार छन्ः–

– पूर्वअभिघात : 'जङ्गबहादुरको कर्खा'मा ज्योतिषीको भविष्यवाणी र सपनाको अनिष्ट सङ्केत, 'सरूमा रानी'मा कपाल फुल्नु र रोटी भाँचिनु जस्ता अपशकुन तथा 'कठपुतलै'मा सौतेनी आमाहरूको श्रापले पात्रको अचेतन मनमा सङ्कट र भयको बीजारोपण गरेको देखिन्छ ।

– पश्चअभिघात : जङ्गबहादुरको आकस्मिक मृत्यु र सती प्रथाको क्रूरता, सरूमा रानीका पतिको विभत्स हत्या र चिता नसल्कनुको सांस्कृतिक पीडा तथा कठपुतली बालिकाको मुर्दाघरमा बाह्र वर्षे बन्दी जीवनले भयानक मानसिक आघात, शोक र पहिचानको सङ्कट उत्पन्न गरेको छ ।

– रक्षात्मक प्रविधि : पात्रहरूले उपर्युल्लिखित असह्य आघातहरूबाट बच्न पलायन, अस्वीकरण, युक्तीकरण, दमन, विस्थापन र निरीहता जस्ता अचेतन रक्षात्मक प्रविधिहरू अवलम्बन गरेर मानसिक सन्तुलन कायम राख्ने प्रयास गरेका छन् ।

अन्ततः नेपाली लोकगाथाहरू मनोरञ्जनका साधन मात्र नभएर तत्कालीन समाजका हिंसा, दमन, लैङ्गिक विभेद र सामूहिक 'ट्रमा' लाई अभिव्यक्त गर्ने दार्शनिक र मनोवैज्ञानिक आख्यानका रूपमा अस्तित्वशाली रहेको पाइन्छ ।

## सन्दर्भसूची

गिरी, शान्तिमाया (२०७५), *आधुनिक नेपाली कथामा अभिघात*, शब्दार्थ प्रकाशन ।

जोशी, रामचन्द्र (२०७९), किडी जियाले कर्नालीमा फाल हालिन् कथामा अभिघात, *दुर्गालक्ष्मी*, १(१), पृ. २०८–२१६ ।

पराजुली, मोतीलाल (२०४९), *नेपाली लोकगाथा*, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

पौडेल, एकनारायण (२०७०), *नेपाली समालोचनाको स्वरूप र पद्धति*, विमर्श नेपाल ।

बन्धु, चूडामणि (२०५८), *नेपाली लोकसाहित्य*, एकता बुक्स ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श*, मोडर्न बुक्स ।

लामिछाने, कपिलदेव (२०७७), *लोकसाहित्य सिद्धान्त*, नेपाल प्रज्ञा–प्रतिष्ठान ।

शर्मा, बिन्दु (२०६८), कथाको अभिघात समालोचना, *उन्मेष*, १२, ११३—१२२ ।

शर्मा, मोहनराज (२०६६), *आधुनिक तथा उत्तरआधुनिक पाठमैत्री समालोचना*, क्वेस्ट पब्लिकेसन ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०६३), *लोकवार्ताविज्ञान र लोकसाहित्य*, विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०७३), *सांस्कृतिक अध्ययन र नेपाली साहित्य*, पाठ्यसामग्री प्रकाशन ।

Caruth, C. (1996). *Unclaimed experience: Trauma, narrative and history*. John Hopkins University Press.

Freud, S. (1920). *Beyond the Pleasure Principle*. (Translated by James Strachey). W. W. Norton & Company.

Herman, J. L. (1997). *Trauma and recovery: The aftermath of violence from domestic abuse to political terror* (Rev. ed.). Basic Books.

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*